Educational Journal
May, 2024, Volume-3, Issue-1
DOI: https://doi.org/10.3126/ej.v3i1.82050
Research Management Cell,
Tribhuvan University, Sanothimi Campus, Bhaktapur

# समावेशी नीतिको राजनीति र नेपालको उच्च शिक्षा

*प्रेमप्रसाद लिम्बू*
उपप्राध्यापक,राजनीतिशास्त्र केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, नेपाल
*prem.limbu@cdps.tu.edu.np*
*ORCID: 0009-0005-6763-1549*

## लेखसार

*नेपालको उच्च शिक्षामा समावेशीकरणको व्यवहारीक अभ्यास प्रारम्भ भएको पन्द्र वर्ष पुरा भएको छ । समतामूलक समाज निर्माणको नेपाली राजनीतिक नाराको जगमा उच्च शिक्षाको क्षेत्रमा प्रवेश गरेको यो समावेशी नीतिको सवाल अहिलेसम्म पनि संख्यात्मक आरक्षणको गणनाकै गोलचक्कचरमा मात्र सिमित भएको छ । किनभने, समावेशी नीति अभ्यासको राजनीतिले उच्च शिक्षाको क्षेत्रमा डेढ दशकको अवधि पार गर्दा पनि गुणात्मक अर्थपूर्ण समावशेशीकरणका नीति एवम् कानुन निर्माण र अभ्यासको अध्यायमा प्रवेश गर्न सकेन । त्यसैले, विश्वविद्यालयको प्रशासन तथा शिक्षण सेवा, विद्यार्थी भर्ना र छात्रवृत्तिमा आरक्षण र सो अनुसारको संख्या गणना नै समावेशी नीतिको उच्चतम स्वरुप होकि भन्ने गरी आम जनसमुदाय मात्र होइन विद्वत वर्गको अध्ययन अनुसन्धानहरु पनि सिमित भएको अवस्था छ । उच्च शिक्षामा समावेशी नीतिको राजनीति संख्यात्मक हिसावले कुन समुदाय वा लिंगको कति विद्यार्थी, शिक्षक, कर्मचारी आरक्षित भएका छन् भन्ने कुरा भन्दा बढी गुणात्मक अनि अर्थपूर्ण समोशीकरणको अपेक्षा हुन्छ । त्यसका मुलभूत सूचकहरु नीति र ज्ञान निर्माणसँग सम्बन्धीत हुन्छन् जस्तै - पाठ्यक्रम, पाठ्यसामाग्री, प्राध्यापन पद्धती, अनुसन्धान एवम् मुल्याङ्कन प्रकृया र यिनीहरुको प्रत्याभूतिको लागि नीति निर्माणस्थलमा अर्थपुर्ण सहभागिता । नेपालमा यी महत्वपुर्ण सूचकहरु अझै पनि समावेश गरीएका छैनन् । यी विषयहरुमा समावेशीकरणको कानुनी प्रावधान र यसको प्रत्याभूतिको लागि राजनीतिक भूमिका, अवधारणागत बौधिक बहस र कार्यान्वयनको लागि सम्बन्धीत निकायहरुको संस्थागत तत्परताको खाडल रहेको यो अध्ययनको निश्कर्ष हो । जसको परिणामस्वरुप हाल नेपालमा सञ्चालरत ११ वटा विश्वविद्यालयहरु अर्न्तगतका कानुनी प्रावधानहरुले नेपालको हकमा उच्च शिक्षामा वहिष्करण खेपिरहेका समुहहरुको खास समावेशीकरणका मुलभूत विषयहरुलाई सम्बोधन नगरेको हुनाले उच्च शिक्षामा समावेशी नीति कार्यान्वयन शिलसिला नै एक अपूर्ण प्रयास हुनपुगेको छ। यो अपुर्णता एक गम्भिर कम्जोरीलाई सच्याएर कसरी अर्थपुर्ण समावेशीकरण नेपालको उच्च शिक्षामा कार्यान्वयन गर्न सकिन्छ भन्ने विषयलाई विद्यमान उच्च शिक्षा सम्बन्धी कानुनी प्रावधान, द्वितिय तथ्याङ्क र सन्दर्भ सामग्रीहरुको आधारमा तथ्यपूर्ण र तुलनात्मक विश्लेषण मार्फत यो अध्ययनले तथ्यगतरुपमा प्रकाश पारको छ । यसका लागि गुणात्मक अनुसन्धान विधि अन्तर्गत समावेशीकरण र उच्च शिक्षासम्बन्धी दस्तावेजहरु मूल रुपमा - कानुनी, विश्वविद्यालय सम्बन्धी दस्तावेज र सान्दर्भिक पूर्वसाहित्यहरुलाई मुख्य श्रोत बनाई; उक्त द्वितिय श्रोतहरुबाट प्राप्त तथ्यहरुको तुलनात्मक व्याख्या एवम् विश्लेषण पद्धतिमार्फत अध्ययनको निश्कर्ष निकालिएको छ ।*

***मुख्य शब्दहरु*** *: समावेशी नीति, उच्च शिक्षा, अर्थपूर्ण समावेशीकरण, दस्तावेज*

## परिचय

ऐतिहासिक विभेद र वहिष्करणले निर्माण गरेको असमानताको समस्यालाई साधान गर्ने मार्गदर्शनको रुपमा नेपालको जनआन्दोलन २ ले समावेशी सिद्धान्तको बहसलाई राजनीतिक वृत्तको अग्रभागमा स्थापीत गऱ्यो । वि. सं. २०६२-६२ मा सम्पन्न ऐतिहासिक जनआन्दोलनको सफलतासँगै निर्माण भएको नेपालको अन्तरीम संविधान २०६३ ले यो समावेशीकरणलाई पहिलो पटक नेपालमा संवैधानिकता प्रदान गऱ्यो (नेपाल कानुन आयोग, २०६३) । समावेशीकरणको

यो थालनिलाई नेपालको ऐतिहासिक संविधानसभाद्वारा निर्मित नेपालको संविधान २०७३ले पनि कायम राख्दै कार्यान्वयनमा जोड दियो (नेकाआ, २०७३) । यो संबैधानिक प्रावधानले विद्यमान राज्य संरचनाका ऐन कानुनहरुमा समावेशी प्रावधानहरु सुनिश्चित गनुपर्ने बाध्यकारी अवस्था निर्माण गऱ्यो । यसै अनुरुप नेपालका उच्च शिक्षा प्रदायक निकायहरुका ऐन तथा नियमहरु पनि संशोधन मार्फत समावेशी प्रावधानहरुको समावेश र कार्यान्वयन गर्ने कार्यको सुरुवात भयो ।

नेपालको उच्च शिक्षाको हकमा सर्वप्रथम २०६६ सालमा त्रिभुवन विश्वविद्यालय (त्रिवि) कर्मचारी तथा प्राध्यापन सेवासम्बन्धी नियममा बहिष्करणमा परेका समुदाय र समुहहरुको संरक्षित आरक्षणको सुनिश्चितता गरी समावेशी नीतिको कानुनी प्रावधान र अभ्यासको सुरुवात भयो (त्रिभुवान विश्वविद्यालय, २०७३) । जुन प्रावधान अन्तर्गत नेपालमा ऐतिहासिक रुपमा लामो समयदेखि वञ्चितिकरणमा परेका वा पारिएका समुहहरुको लागि खुला प्रतियोगिताको ४५ प्रतिशत पदसंख्या संरक्षित गरियो र यसैलाई समावेशीकरण भनि परिभाषित हुन प्रारम्भ भयो । तथापी, उच्च शिक्षाको क्षेत्रमा समावेशीकरण यतिले मात्र अर्थपूर्ण र पर्याप्त थिएन र छैन् । यो कानुनी प्रावधान र अभ्यास र भाष्यलाई बाँकि अरु विश्वविद्यालयहरुमा पनि लागु गर्दै लगियो । अहिलेसम्म पनि समावेशीकरणको यहि भाष्य लोकपृय छ, तर जुन समावेशीकरणको एउटा सानो अंश मात्र वा एक अपुर्ण अंश मात्र हो ।

यसरी समावेशी सिद्धान्तले संवैधानिक मान्यता पाएसँगै नेपालका अदिवासी, दलित, मधेशी, मुश्लिम, महिला, अपांगता भएका व्यक्ति, भौगोलिक रुपले दुर्गम क्षेत्रमा बसेका जनता लगायतलाई सामाजिक रुपमा वहिष्करणमा परेका वा पारिएका समुहहरु हुन भनि किटानीका साथ राज्यले परिभाषित गऱ्यो (नेपाल सरकार, २०६६; नेपाल कानुन आयोग, २०७३) । यसपछि राज्यको हरेक तह, तप्का र क्षेत्रमा ती वहिष्करणमा पारिएकाहरुको आरक्षणात्मक समावेशीकरणको आवश्यकता निर्विवाद वन्यो । अन्य विभिन्न संयन्त्र तथा निकायहरुमा जस्तै उच्च शिक्षामा पनि समावेशी नीति कार्यान्वयनको वातावरणले व्यापकता पायो । यसका लागि नेपालका परिभाषित उच्च शिक्षा निकाय वा विश्वविद्यालयहरुको ऐन, नियमावली, निर्देशिका, कार्यविधि आदिमा समावेशी नियमहरुको ठोस व्यवस्था गरी यसको कार्यान्वयन प्रारम्भ त भयो; तर, तिनीहरु अहिले कुन अवस्थामा कार्यान्वयन भएका छन् खोजीको विषय रहेको छ । साथै, बनेका कानुनी प्रावधानहरु साँच्चै पर्याप्त प्रावधान हुन कि होइनन् भन्ने विश्लेषणको आवस्यकता हो । तर अहिलेका अधिकाङ्स अनुसन्धानात्मक कार्यहरु यसमा प्रवेश हुन सकेको छैनन् ।

याथार्थमा उच्च शिक्षा सहित समग्र शिक्षा क्षेत्रमा समावेशीकरणको कुरा गर्दा राज्यको अन्य निकायहरु - कर्मचारीतन्त्र, विधायिका, सुरक्षा संयन्त्र आदि निकायहरुमा जस्तै संख्यात्मक सहभागिताको गणनामा मात्र सिमित राखेर बुझ्ने र त्यसैको हुबहु अनुसरण गर्नु पर्याप्त होइन । किनभने, शिक्षा क्षेत्रमा समावेशीकरणको नीतिगत र कानुनी प्रावधान संख्या आरक्षणको सवाल भन्दा बढी गुणात्भक विषयवस्तुहरुको सुनिश्चितता र अभ्यासको आवश्यकता पर्दछ (Lawrie et al., 2017; लिम्बु, २०७७) । जुन कुरा नेपाली सामाजिक, राजनीतिक र विद्वत वृतको आम चासोको विषय बन्न सकिरहेको छैन ।

समावेशी शिक्षामा समग्र शिक्षा प्रणालीको मुल कुरा ज्ञान हो । यसको दस्तावेजीकरण, संस्थागत वितरण प्रक्रिया, वितरणक्रममा प्रयोग हुने सामग्री निर्माण र यी सबै कार्यको लागि संस्थागत व्यवस्थापकीय वातावरण जस्ता विषयवस्तुहरु समेत केन्द्रमा रहेका हुन्छन् । यसका साथै थप महत्वपूर्ण र अनिर्वाय सर्त उच्च शिक्षामा समावेशी सिकाई र व्यवस्थापनको लागि उचित वातावरण, समावेशी संस्थागत प्रशासनिक तथा व्यवस्थापकीय पक्ष, सिकाई, शिक्षण, अनुसन्धान तथा मुल्याङ्कन प्रक्रियामा समावेशीकरण, शिक्षण सामग्रीहरुमा समावेशीता र यी सबै कार्यको लागि बन्ने नीति निर्माण निकाय र प्रक्रियामा समावेशीता खोजिन्छ (Lawrie et al., 2017)। शिक्षामा समावेशीकरणको सैद्धान्तिक अवधारणाले यी पक्षहरुलाई अनिवार्य तत्व मान्दछ । तसर्थ उच्च शिक्षामा समावेशीकरण भन्नाले कर्मचारी, प्राध्यापक र विद्यार्थीको रुपमा कुन समुह वा समुदायबाट कति सहभागिता पाए वा पाएनन् भन्ने कुरालाई मात्र खोजीनीति गर्नु र यसैलाई समावेशीकरण भन्दै बुझ्नु अधुरो र अपर्याप्त कार्य हो ।

वर्तमान नेपालको उच्च शिक्षामा समावेशीकरणको प्रावधान, अभ्यास र यस विषयको अध्ययन विश्लेषणहरु यस्तै अवस्थामा रहेको छ । केहि सिमित पद र सुविधाहरुमा निर्धारीत आरक्षणको व्यवस्था त भएका छन् । तर, खास हुनुपर्ने महत्वपूर्ण विषयहरुमा कानुनी प्रावधानहरु निर्माण भएका छैनन् । तिनीहरुमा पूर्णता नदिएसम्म उच्च शिक्षामा समावेशी नीति कार्यान्वयन अपुरो नै रहन्छ । ती समावेशी नीति कार्यान्वयन अपूर्ण बनाउने पक्षहरु र कारणहरु केके

हुन ? त्यसलाई समावेशी सिद्धान्तले मार्गदर्शन गरे बमोजिम कसरी पूर्णता प्रदान गर्न सकिन्छ ? भन्ने कुरालाई प्रस्ट पार्ने यो लेखको ध्येय हो ।

तसर्थ, यो लेखले विद्यमान समावेशी कानुनी प्रावधानहरु र तिनीहरुले कार्यान्वयन पक्षमा समेटेका अवस्थालाई तुलनात्मक अध्ययन गरी समावेशीकरणको वर्तमान कार्यान्वयनको सिमिततालाई विश्लेषण गर्दछ र उच्च शिक्षामा भएको समावेशीकरणको अपूर्णतालाई औंल्याउने काम गर्दछ । समावेशीकरणको लागि भएका मौजुदा कानुनी प्रावधानहरुले समावेशीकरणको सानो पाटोलाई मात्र छुन सकेकोले त्यसमा थप सुधारको लागि गर्नुपर्ने बाँकि क्षेत्रहरुलाई समेत यो लेखले अगाडी सारेको छ । जुन कुराहरुलाई पूर्णरुपमा कार्यन्वयन गरेपछि मात्र नेपालको उच्च शिक्षामा समावेशीकरणले पूर्णता पाउने र उच्च शिक्षाको लागि राज्यले गरेको संकल्प पुरा हुनेछ भन्ने अध्ययनको निश्कर्ष छ ।

नेपाल सरकारले समावेशिताको सवालमा, "... प्राज्ञिक उत्कृष्टता तथा उन्नयनका लागि अध्ययन तथा अनुसन्धान गर्ने समतामूलक एवम् समावेशी अवसरसहित ... उच्च शिक्षा प्रदायक संस्थाको सञ्चालन र व्यवस्थापन हुने" भन्ने नीति लिएको छ (नेपाल सरकार, २०७२) । यस नीतिलाइ कार्यान्वयन गर्ने क्रममा खमसगरी नेपालमा संघीय संरचना प्रारम्भ भई प्रादेशीक सरकारहरुको पहलमा स्थापना भएका विश्वविद्यालयहरु भन्दा अगाडी वा २०७४ सालसम्म स्थापित ११ वटा विश्वविद्यालयहरुका कानुनी प्रावधानहरु र सो प्रावधान अनुसार हाल कार्यान्वयनमा रहेको समावेशीकरण सम्बन्धी विषयहरुको तुलनात्मक अध्ययनको आधारमा यो लेख तयार भएको छ। नेपालमा उच्च शिक्षा निकायको रुपमा प्राविधिक एवम् चिकित्सा संस्थानहरु समेत समावेश भएता पनि तिनीहरु यो अध्ययनमा समावेश गरिएका छैनन् । साथै प्रादेशिक स्तरमा पछिल्लो समयमा स्थापीत विश्वविद्यालयहरु पनि यो अध्ययनमा समावेश गरिएका छैनन् । अध्ययनमा उच्च शिक्षामा समावेशीकरण अर्थपूर्ण हुनुको लागि सैद्धान्तिक रुपमा अहिलेसम्मका साहित्यहरुले निर्धारीत गरेका आधार तथा क्षेत्रहरु विषयगत रुपमा वर्गिकृत गरी तीनिहरु कतिलाई समेटेर नेपालको उच्च शिक्षा समावेशी बनाउनको लागि बैधानिक व्यवस्थाहरु कार्यान्वयनमा छन् ? र कति क्षेत्रहरु छुटेका छन् ? भन्ने कुराहरुको तुलनात्मकरुपमा विश्लेषण गरिएको छ ।

## अध्ययन पद्धति

यो अध्ययन अन्वेषणात्मक र व्याख्यात्मक हो । यहाँ उच्च शिक्षामा समावेशीकरण अर्थपुर्ण हुनको लागि कस्तो सैद्धान्तिक सुचाकहरु छन् र तिनीहरुको नेपाली सन्दर्भमा कस्तो कानुनी प्रावधान र अभ्यास भईरहेको छ भन्ने विषयको गुणात्मक विधि अन्तर्गत द्वितिय सन्दर्भ श्रोतहरुको आधारमा अन्वेषण गरिएको छ । प्राप्त सैद्धान्तिक आधारहरु, हुनुपर्ने व्यवहारिक तथ्यहरुलाई तुलनात्मक व्याख्या र विषयगत विश्लेषणमार्फत प्रस्तुत गरिएको छ । उच्च शिक्षा सम्बन्धी भएका कानुनी प्रावधान, सो बमोजिम देखापरेका कार्यान्वयनका पक्षहरु र तीनिहरुले समेट्न नसकेका पक्षहरु र त्यसले निर्माण गरेको सकारात्मक परिणाम र अपुर्णताहरुको विषयगत व्याख्यात्मक विश्लेण यस लेखमा गरिएको छ । यसको लागि नेपालको उच्च शिक्षाको समावेशी सम्बन्धमा भएका संवैधानिक, नीतिगत र कानुनी प्रावधानहरुको दस्तावेज र कार्यान्वयनबाट आएका परिणमहरुको बारेमा प्रस्तप पुर्व सहित्यहरुमा भएका तथ्याङ्कहरुको विश्लेषण विधि मार्फत अध्ययन तथा विश्लेषण सम्पन्न गरिएको छ। नेपालको अन्तरीम संविधान २०६३ र नेपालको संविधान २०७२, नेपालका ११ वटा विश्वविद्यालयहरुको सबै ऐनहरु, ती ऐन अर्न्तगन बनेका नियम, नियमावली, निर्देशीका तथा कार्यविधिहरुमा भएको समावेशीकरण सम्बन्धी प्रावधानहरु र यस विषयमा भएका हालसम्मका अध्ययन प्रतिवेदन र दस्तावेजहरु समेतको अध्ययन गरी ती प्रावधानहरुले उच्च शिक्षामा समावेशी अवधारणाले बोकेका के कति तत्वहरुलाई अनुसरण गर्न सकेको छ वा छैन भन्ने विश्लेषणात्मक पद्धतिबाट यो लेख तयार गरिएको छ । सुचना तथा तथ्याङ्कहरु द्वितिय श्रोत मार्फत लिईएका छन् । द्वितिय श्रोतहरुमा कानुनी दस्तावेजहरुको अतिरिक्त उच्च शिक्षाको अर्थपूर्ण समावेशीकरणको सैद्धान्तिक तत्वहरुको पहिचान पुर्व साहित्य समिक्षा मार्फत गरिएको यो लेखमा तथ्याङ्क विश्लेषणको मुख्या व्याख्या विश्लेषण विषयगत रुपमा केही सैद्धान्ति ढाचाको प्रस्तुती पछि नतिजा र छलफल भित्र मूल रुपमा समेटिएको छ ।

## सैद्धान्तिक ढाँचा

समावेशीकरण लोकतन्त्रको एउटा मुख्य तत्वको रुपमा परिभाषित गरिन्छ । जुन सिद्धान्तले बहिष्करणकारी विचार, व्यवस्था र व्यवहारलाई विनिर्माण गर्ने ढोका खोल्दछ । समावेशीकरणबाट अवसर बन्चित गरिब, महिला, सामुदायिक तथा धार्मिक अल्पसंख्यक, अधिकार विहिन र विभिन्न तवरले पाखा पारिएका समुहहरुको अर्थपूर्ण सहभागिता वा साझेदारीताको सुनिश्चितताको जोड दिईन्छ (UNDP, 2007) । यो कुरा नै उच्च शिक्षाको समावेशीकरणको हकमा

पनि लागु हुने हो । यदि उच्च शिक्षाको हकमा पनि यस्तो नभई कुनै निश्चित समुदाय, वर्ग, साँस्कृतिक समुह, क्षेत्र, लिंग आदिको मात्र अस्वभाविक सहभागिता, वर्चश्व र नियन्त्र रह्यो भने यस्तो अवस्थालाई असमावेशी उच्च शिक्षा भनिन्छ । यस्तो व्यवस्थालाई सच्याउन सबै खाले मानिसहरुको समान साझेदारीता, व्यवहार र अधिकारको सुनिश्चितताको यथार्थ अभ्यास गराउन स्थापीत सिद्धान्तको जरुरत पर्दछ जसले समावेशीकरणलाई जनाउछ ।

सिद्धान्तत, उच्च शिक्षामा समावेशीकरणले समग्र शिक्षा प्रणालीको संरचनामा आमुल परिवर्तन सहितको सुधारमा जोड गर्दछ । त्यस अनुसार उच्च शिक्षा निकायमा सबैको लागि समान अवसरको प्रत्याभुति हुने समावेशी वतावरणको निर्माण एउटा सबै भन्दा महत्वपूर्ण तत्व हो (Pappas et al., 2018) । यसले समान अवसरको सुनिश्चिततामा प्राथमिक्ता दिएको छ । तर, यतिले मात्र पनि नपुग्ने अभिमत सहित उच्च शिक्षामा अर्थपूर्ण समावेशीकरणको लागि Hockings (2010) र Lawrie et al. (2017)ले उच्च शिक्षामा समावेशीकरणको आधारभूत तत्व वा सूचकहरु पहिचान सहितको सैद्धान्ति आधार प्रस्तुत गरेका छन् । यो अध्ययन मुलरुपमा यहि सैद्धान्तिक आधारको सुचकहरुको जगमा टेकेर सम्पन्न गरिएको छ । उनीहरुका अनुसार समावेशीकरणको कुरा भर्ना र नियुक्तिका अतिरिक्त अध्ययन, सिकाई, शिक्षण वा अध्यापन सबैमा हुनुपर्दछ । यसको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, मुल्याङ्कन विधि लगायतको परिवर्तन र परिमार्जन मार्फत वहिष्कृत समुदाय, वर्ग, क्षेत्र, लिंग अदिको सवै क्षेत्रमा अर्थपूर्ण समावेशीता र साझेदारीताको सुनिश्चिततालाई प्राथमिक्ता राख्नु पर्दछ । अझ उनीहरुले किटानकासाथ चारवटा पाटाहरु अनिवार्य रुपमा हुनुपर्ने कुरा गर्दछन् । ती हुन् : क) समावेशी पाठ्यक्रम निर्माण, ख) समावेशी पाठ्यक्रमको कार्यान्वयन, ग) समावेशी मुल्याङ्कन र ग) समावेशी सिकाई र र शिक्षणको लागि संस्थागत प्रतिवद्धता ।

तसर्थ, उच्च शिक्षामा अर्थपूर्ण समावेशीकरणको कुराहरुलाई नेपालको वर्तमान सन्दर्भमा समग्रमा विश्लेषण गर्नको लागि यी चार सुचकहरुको आधारमा मुल्याङ्कन गर्ने हो भने यी चारवटै सुचकहरुको विषयमा आध्ययन, छलफल र बहस लग्भग शुन्य छ । प्रस्तुत सुचकहरु संख्यात्मक भन्दा गुणात्मक विषयहरु हुन् । वर्तमानमा, यिनीहरुलाई विद्यार्थी भर्ना र शिक्षक तथा कर्मचारी नियुक्तिको संख्यात्मक गणनाको विषयले पुरै विर्साइदिएको अवस्था छ । यो समस्या हो । उच्च शिक्षा समावेशीकरणको हकमा यस्तो समस्या किन सृजना भयो ? यो प्रश्नको जवाफ खोजी गर्न नेपालका उच्च शिक्षा निकाय र उच्च शिक्षा प्रणालीको समावेशी अभ्यासको व्याख्यात्मक विश्लेषण यो अध्ययनमा छ ।

तसर्थ, उच्च शिक्षाको सन्दर्भ केलाउनको लागि यस अध्ययनको क्षेत्रनै विश्वविद्यालयहरु तय गरिएका छन् । किनकी, उच्च शिक्षा भन्नाले विश्वविद्यालयहरु हुन र यीनिहरुद्वारा सञ्चालित शिक्षण, अनुशन्धान, तालिम र यीनिहरुको निरन्तरताका लागि अपनाईएको सम्पूर्ण व्यवस्थापन प्रणालीलाई उच्च शिक्षा प्रणाली अन्तर्गत बुझिन्छ UNESCO (1998) । राज्यद्वारा मान्यताप्राप्त विश्वविद्यालयहरु उच्च शिक्षा प्रदायक निकायहरु हुन् । यी निकायहरुबाट देशमा उच्च शिक्षा प्रदान गरिन्छ । कुनै पनि देशमा उच्च शिक्षा देश विकास र अर्न्तराष्ट्रिय विकासको गतिमा आवस्यक र आधुनिक ज्ञान, सीप, कला विज्ञान र प्रविधिमा सक्षम जनशक्ति उत्पादन गर्न सञ्चालित हुन्छ, नेपालमा पनि यहि उद्देश्यकासाथ उच्च शिक्षा सञ्चालन गरिएको छ (शिविप्रम, २०७२) ।

नेपालमा विश्वविद्यालयहरुका साथै प्राविधिक र चिकित्सा संस्थानहरु समेत दक्ष जनशक्ति उत्पादन गर्ने शैक्षिक संस्थाकोरुपमा उच्च शिक्षा प्रदायक निकायहरु हुन् । देशको समग्र विकास र आमुल परिवर्तनका लगि नागरिकहरुलाई आवश्यक दक्ष र प्रतिश्पर्धि जनशक्ति निर्माण गर्ने भूमिका रहेको उच्च शिक्षा प्रणालीमा देशका सबै खाले मानिसहरुको निर्विवाद रुपमा समान साझेदारीता आवस्यक हुन्छ । यस्तो महत्वपूर्ण स्थानमा सबैको लागि समान सिकाईको अवसर निर्माणको लागि पाठ्यक्रममा परिवर्तन र सुधार साथै शिक्षणकर्ताहरुको क्ष्यमता विकासको लागि तालिमहरुमा समावेशी सहभागिता थप अरु महत्वपूर्णहरु तत्वहरु हुन् (Ainscow 2005, Persson 2006 as cited Pappas et al., 2018)

## नतिजा तथा छलफल

माथि प्रस्तुत सैद्धान्ति ढाचाले निर्क्योल गरेका सुचकहरुलाई मुख्य आधार मान्दै नेपालको हकमा उच्च शिक्षाको समावेशीकरणमा भएको अभ्यास, नीतिगत र कानुनी प्रावधानहरु, भईरहेको अभ्यासले समेटेका विषयहरुबाट देखा परेका नतिजा र छलफलका विषयहरुलाई विषयगत रुपमा विश्लेषण गर्दै अध्ययनको निश्कर्षमा पुग्नको लागि उच्च शिक्षामा भएको समावेशी नीतिको विकासको व्याख्यावाट विषय प्रारम्भ गरिएको छ ।

### उच्च शिक्षामा समावेशी नीतिको विकास र कार्यान्वयन अवस्था

राज्यको अरु संयन्त्रहरुमा जस्तै उच्च शिक्षामा पनि वहिष्करणको नीतिगत र संरचनागत अभ्यासको अवस्था लामो समयदेखि रहँदै आएको सबैले स्वीकार्नै पर्ने समास्या हो । वि. सं. २०१६ सालमा स्थापना भएको त्रिभुवन विश्वविद्यालयमा समेत २०६२/६३ को जनआन्दोलनसम्म आईपुग्दा पनि नीतिगत र संरचनागत बहिष्करणको निरन्तरता नै थियो । नेपलको सबैभन्दा पुरानो, ठुलो र सरकारी चरित्रको विश्वविद्यालयकै यो अवस्था भएपछि बाँकि विश्वविद्यालयहरुमा त झनै यो भन्दा विकराल समस्या हुने नै भो । तसर्थ, नेपालको उच्च शिक्षा व्यवस्थामा सबै क्षेत्र, वर्ग, लिंग तथा सामाजिक, साँस्कृतिक लगायतका विभिन्न प्रकारले बहिष्करणमा परेका मानिसहरुको सन्तुलित साझेदारीता सहित अर्थपूर्ण समावेशीता छ किन छैन भन्ने प्रश्नले उच्च शिक्षामा समावेशीकरणको बहसलाई थप पेचीलो रुपमा प्रवेश गराएको हो ।

२०४७ सालको राजनीतिक परिवर्तनले ल्याएको प्रजातान्त्रीक माहलोल पछि नेपाली सामाजिक तथा राजनीतिक वृत्तको अग्रभागमा समावेशीकरणको मुद्धा पनि आएको थियो । यो बहसले बहुदलिय प्रजातान्त्रीक व्यवस्थाको पुर्नजन्मसँगै व्यापकता पाएको दुई दशकपछि २०६२-६३को जनआन्दोलनसम्म आईपुग्दा वहिष्करणको समाप्तीको उपायको रुपमा एक प्रमुख राष्ट्रिय राजनीतिक मुद्धा बन्यो । यो बहस लैंगिक हिसावले महिला, सामाजिक साँस्कृति तथा क्षेत्रीय हिसावले आदिवासी, दालित, मधेशी, मुश्लिम र शारिरिक हिसावले अपाङ्गता भएका र देशमा लामो समयदेखि नीतिगत र संरुचनागतरुपमा बहिष्करण वेहोरीरहनु परेका हरुको लागि महत्वपूर्ण थियो (न्यौपाने, २००५, Hangen, 2007) ।

यसपछि २०६३ सालमा बनेको अन्तरिम संविधानले समावेशी मुद्धालाई संवैधानिक रुपमै प्रत्याभूत गऱ्यो (नेपाल कानुन आयोग, २०६९) । अन्तरिम संविधानकै जगमा २०७२ सालमा घोषित संघीय लोकतान्त्रीक गणतन्त्र नेपालको संविधानले पनि समावेशी सिद्धान्तलाई प्रस्तावनामा नै समावेश गर्दै मौलिक हकको धारा १८, ३१ र ४२ मा समेत विभिन्न हक अर्न्तगत समावेश गऱ्यो । वर्तमान संविधानमा प्रस्तवानामा समानुपातिक समावेशी र सहभागितामुलक सिद्धान्तको आधारमा समतामुलक समाज निर्माण निर्माण र सामाजिक न्यायको सुनिश्चितताको संकल्प गरेको छ भने धारा ४ मा नेपाल समावेशी राज्य हुने, धारा १८ मा सामाजिक साँस्कृति तथा आर्थिक हक, धारा ३१ मा शिक्षाको हक, र धारा ४२ मा सामाजिक न्यायको अन्तर्गगत राज्यको निकायमा समानुपातिक समावेशीताको व्यवस्था हुने उल्लेख गरेको छ (नेपाल कानुन आयोग, २०७७) ।

**उच्च शिक्षामा समावेशी अभ्यासको चित्रण**

यीनै संवैधानिक प्रावधानहरु नै उच्च शिक्षा समावेशीकरणको जग हो, त्यसै आधारमा त्रिवि सभाले २०६६ मंसीर २२ गते *त्रिवि शिक्षक, कर्मचारी सेवासम्बन्धी नियम २०५०* मा त्रिवि सेवामा प्रवेश हुने खुला प्रतियोगितामा ४५ प्रतिशत समावेशी नियमको व्यवस्था गरी नेपालको उच्च शिक्षामा समावेशीकरणको इतिहास प्रारम्भ गऱ्यो । यस पछि त्रिवि र अरु वभिन्न विश्वविद्यालयहरुले आ-आफ्ना विद्यमान ऐन, नियमावली, निर्देशीका तथा कार्यविधिहरुमा संशोधन गर्दै ४५ प्रतिशस समावेशी आरक्षणलाई अभ्यासमा उतार्न थालेका हुन । यसमा केहि विश्वविद्यालयहरुले ४५ को स्थानमा ५० प्रतिशत भर्ना समावेशीकरण पनि ऐनहरुमा ल्याए; जस्तै नेपाल संस्कृत विश्वविद्यालय (नेसंवि) ले २०६७ सालमा ५० प्रतिशतको समावेशी आरक्षणको व्यवस्था गऱ्यो । त्यसैगरी, सुदूरपश्चिम विश्विविद्यालय र कृषि तथा वन विज्ञान विश्वविद्यालयले २०६९ यो प्रावधान लागु गरे ।

कानुनी प्रावधान अनुसार ४५ वा ५० प्रतिशत समावेशीकरणको व्यवस्था प्रशासन क्षेत्रमा शाखा अधिकृत र सो भन्दा मुनिका श्रेणी विहिन बाहेकका पदहरुमा र प्राध्यापन सेवामा उपप्राध्यापक र सहायक प्राध्यापक पदहरुमा मात्र लागु हुन्छ । समावेशी सिद्धान्त अनुरुप कार्यान्वयन गर्नको लागि आरक्षित ४५ वा ५० प्रतिशत खुला समावेशी सिटलाई १०० प्रतिशत मानि पुनः यसको ३३ प्रतिशत महिलाको, २७ प्रतिशत अदिवासी जनजातिको, २२ प्रतिशत मधेशीको, ९ प्रतिशत दलितको, ५ प्रतिशत अपाङ्गको र ४ प्रतिशत पिछडिएको क्षेत्रको विभाजन गरेर कार्यान्वयन गरिन्छ (कृववि, २०७५, त्रिवि, २०७३, पोवि, २०५३, सुवि, २०६७ र नेखुवि, २०७४) ।

बैधानिक प्रावधानहरु अनुसार हेर्दा, उच्च शिक्षाको वर्तमान अवस्थामा चारवटा क्षेत्रमा समावेशी अभ्यासको कानुनी व्यवस्था रहेका छन् : (क) कर्मचारी प्रशासन एवम् प्राध्यापन सेवाको प्रारम्भिक प्रवेश प्रतियोगितामा, (ख) विद्यार्थी भर्नामा (ग) विद्यार्थी छात्रवृत्तिमा र (ग) अनुशन्धानमा । यी प्रावधानहरुलाई हेर्दा विश्वविद्यालयको मुल पक्ष ज्ञान निर्माण अध्ययन, अध्ययापन, पाठ्यक्रम, पाठ्यसामग्री, मुल्याङ्कन आदीमा समावेशी हुनुपर्ने विाषय उच्च शिक्षा

जगतमा पूर्णतया छुटेको पाइन्छ । उच्च शिक्षाको चार क्षेत्रमा हाल कायम रहेको समावेशी प्रावधान र अभ्यासको संक्षिप्तमा यहाँ संक्षिप्तमा चार्चा गरौं :

नेपालका ११ विश्वविद्यालयहरुमध्ये १० वटाले कमर्चचारी प्रशासन र प्राध्यापन सेवामा समावेशी नीतिलाई कानुनी प्रावधान सहित कार्यान्वयन गरिरहेका छन् । एउटा, काठमाडौं विश्वविद्यालयमा यो कनुनी प्रावधान र अभ्यास नरहेको देखिन्छ । कर्मचारी प्रसासन र प्राध्यापन सेवाका लागि समावेशीताको अभ्यास गर्ने १० वटा विश्वविद्यालयहरु मध्ये दुईवटा नेसंवि र पुर्वाञ्चल विश्वविद्यालय (पुवि)मा ५० प्रतिशत समावेशीकरणको कानुन प्रावधान छ भने बाँकि ८ विश्वविद्यालयहरुमा ४५ प्रतिशत समावेशीकरणको कानुनी प्रावधान र अभ्यास कायम छ (त्रिवि, २०७३, पोवि, २०५३, सुवि, २०६७ र नेखुवि, २०७४, पुवि, २०५३ र नेसंवि, २०६३) ।

विद्यार्थी भर्नामा समावेशीकरणको कानुनी प्रावधानहरु रहेको भएता पनि यसमा एकरुपता र प्रभावकारी कार्यान्वयन नपाईको अवस्था छ । जस्तै पुवि, सुवि, मवि लगायतका विश्वविद्यालयहरुले भर्नालाई छात्रवृत्तिसँग जोडेर अष्पुष्ट रुपमा भर्ना र छात्रवृत्तिलाई एकैठाउ गञ्जागोल पारेर कार्यान्वय गरिरहेका छन् । त्रिवि, सुवि लगायतका विश्वविद्यालयहरुले विद्यार्थी भर्नामा २० प्रतिशत समावेशी नियम कार्यान्वयन गरिरहेको भएतापनि यसको व्यवहारीक कार्यान्वयनमा उतार्दा अधिकतम १४ प्रतिशतसम्म मात्र भर्नामा समावेशीकरण कार्यान्वयन भएको पाईएको छ ((त्रिवि, २०७४; सुवि, २०७७; लिम्बु, २०७७) ।

विद्यार्थी छात्रवृत्तिमा समावेशी कानुनी प्रावधानमा एकरुपता छैन । कुनै विश्वविद्यालयमा केवल ५ प्रतिशत समावेशीको प्रावधान छ भने कुनैमा ५० प्रतिशतसम्म छ । हरेक विश्वविद्यालयहरुमा छात्रवृत्तिको फरक फरक वैधानिक प्रावधानहरु कार्यान्वयनमा छन् । यस्तो फरकता किन हुनु पर्ने ? यसको खास कुनै पनि वैज्ञानिक र तार्किक आधार देखिन्न तर कार्यान्यनमा त्यही छ । तर, यसमा एकरुपता ल्याउनु र त्यसको लागि न्युनतम एकरुपताको सिमालाई कानुनी रुपमा र नीतिगत रुपमा निर्णण हुन जरुरी देखिन्छ । छात्रवृत्तिमा भएको प्रावधानको विभिदतालाई थप प्रष्टताका लागि निम्न बमोजिम हेर्न सकिन्छ :

**तालिका १**

*विश्वविद्यालयहरुमा छात्रवृत्ति समावेशी प्रावधानमा विभिदता*

| **विश्वविद्यालय** | **प्रावधान** |
|---|---|
| पूर्वाञ्चल विश्वविद्यालय | ५ प्रतिशत समावेशी |
| पोखरा विश्वविद्यालय | ४० प्रतिशत समावेशी |
| सुदुरपश्चिम विश्वविद्यालय | ५० प्रतिशत समावेशी |
| नेपाल खुल्ला विश्वविद्यालय | छात्रवृत्तिमा समावेशी नीतिका लक्षित समुहका विद्यार्थीहरुलाई अतिरिक्त अंक दिने |

*श्रोतः (पूर्वाञ्चल विश्वविद्यालय, २०७५; नेपाल खुला विश्वविद्यालय, २०७६; पोखरा विश्वविद्यालय, २०७६; पूवि; सुदुरपश्चिम विश्वविद्यालय, २०७७)*

उच्च शिक्षामा अध्ययन अध्ययापनको एक महत्वपूर्ण पाटो अनुसन्धान हो, जसले नै विश्वविद्यालयलाई उच्च शिक्षाको स्थान उपलब्ध गराउछ । विश्वविद्यालयका सबै विषयहरुमा ज्ञानको उत्पाद र व्यापकता लगायतका प्राज्ञिक कार्यकासाथ समाजको सार्वजनिक हितको लागि कार्य गर्ने मुख्य आधार नै अनुसन्धान हो (Nurse, 2015 as cited Fung, et al. 2017) । यहि तर्कसँग मिल्ने गरी नेपालको हकमा उच्च शिक्षा नीति अनुसार ज्ञानमा प्राज्ञिक उत्कृष्टता तथा क्ष्यमता उन्नयनका लागि अध्ययन तथा अनुसन्धान उच्च शिक्षा प्रदायक संस्थाको जिम्मेवारी हो भन्ने कुरा संकल्पको रुपमा स्वीकारीएको छ (नेपाल सरकार, २०७२) । तर, यो संकल्प बमोजिम उच्च शिक्षा प्रदायक निकायहरु अनुशन्धान क्षेत्रलाई समावेशी बनाउने प्रयत्नमा आकर्षित भएको देखिंदैनन् । त्रिवि लगायतका अधिकाङ्स विश्वविद्यालयहरु अनुसन्धानवृत्तिमा समावेशी गराउन कानुनि सुनिश्चिता विनानै अहिले पनि चलिरहेका छन् । त्रिविले

गराउने लघु अनुसन्धानमा कुनै किसिमको समावेशी व्यवस्था लागु नहुने वैधानीक व्यवस्था छ (त्रिवि, २०६७; त्रिवि, २०७८) । वरु, विश्वविद्यालय अनुदान आयोग (विअआ)ले अनुसन्धान वृत्तिहरुमा समावेशी समुहका प्रतिश्पर्धिहरुलाई थप ८ अंक प्रदान गर्ने कानुनी व्यवस्था अभ्यास गरेको छ । जुन विद्यावारीधी, एमफील, स्नातकोत्तर र स्नातक तहका र अन्य विद्वत एवम् अनुसन्धान वृत्तिहरुको छनौट प्रतिश्पर्धामा लागु हुन्छ (विअआ, २०७४) । विश्वविद्यालयहरुमा अनुदान आयोगको यो व्यवस्था जति पनि प्रावधानहरु अधिकाङ्स विश्वविद्यालयहरुमा छैन । यसरी हेर्दा समग्रमा अनुशन्धान क्षेत्रमा नेपालको उच्च शिक्षा समावशी छैन् भन्ने निश्कर्ष निस्कन्छ ।

**विश्वविद्यालय नीति निर्माणस्थलमा समावेशीता**

विश्वविद्यालय तहमा समावेशी नीति कार्यान्वयनको प्रारम्भ २०६६बाट प्रारम्भ भएतापनि विश्वविद्यालय ऐनहरुमा समावेशीकरण सम्बन्धी प्रावधानहरु तल्लो तहका पदहरुको प्रतियोगिता र विद्यार्थी भर्नामा बाहेक अरुमा नाममात्रको र प्रभावहिन रहेको छ । नेपालका ११ वटा विश्वविद्यालयको नीतिगत निर्णय गर्ने थलोहरुमा समुदायगत र समुहगत प्रतिनिधित्व अवस्थाको तुलनात्मक तथ्याङ्क हेर्दा यो अवस्थाको पुष्टि हुन्छ (तालिका २)।

विश्वविद्यालयहरुको निर्णायक नीति निर्माण थलोहरु विश्वविद्यालय सभा, कार्यकारी परिषद, प्राज्ञिक परिषद लगायतका निकायहरु हुन् । नेपालका ११ विश्वविद्यालयहरु मध्ये २ वटा विश्वविद्यालयहरु त्रिवि र मध्यपश्चिमाञ्चल विश्वविद्यालय (मवि)को नीति निर्माण थलो सभा, कार्यकारी परिषद, प्राज्ञिक परिषद गठनहरुमा समावेशीकरणको कुनै कानुनी व्यवस्था छैन । त्रिवि र मविको सभा र प्राज्ञिक परिषद अझै पनि समावेशी विहिन छन् । यिनीहरुले नीति निर्माण निकाय विश्वविद्यालय सभा र प्राज्ञिक परिषदमा अहिलेसम्म समावेशीकरण सम्बन्धी कानुनी सुनिश्चितता गरेका छैनन् (नेपाल कानुन आयोग, २०७७) । नेपालको उच्च शिक्षाको समग्र भारको ८० प्रतिशत भार एक्लै व्यहोर्ने विश्वविद्यालय त्रिवि (UGC, 2013) । देशकै यति ठुलो सबैभन्दा प्रमुख उच्च शिक्षा प्रदायक त्रिवि सहित मविको समेत नीति निर्माणस्थल नै समावेशी नहुनुले नेपालको सबैभन्दा ठुलो सरोकारवाला समुह वा उच्च शिक्षामा बहिष्करणका शिकार भईरहेकाहरुको पक्षमा सम्बन्धीत निकायहरुमा योजना, कार्यक्रम एवम् आवस्यक पुर्वाधार तयार गर्नेक्रममा नकारात्मक प्रभाव पर्ने निश्चित छ ।

बाँकी ९ वटा विश्वविद्यालय सभामा आंशिक समावेशी व्यवस्था रहेको छ । नौवटा विश्वविद्यालयका ऐनहरुले विश्वविद्यालय सभा समावेशी बनाउने प्रावधान गरेता पनि ८ वटामा केवल महिलालाई मात्र अनि नाममात्रको संख्यामा समेटीएको छ । एउटा राजर्षिजनक विश्वविद्यालय (रावि)ले मात्र महिला सहित केवल १ जना दलित समेत समावेश हुने व्यवस्था गरेको छ (तालिका २) । त्यसैले यो समावेशी केवल नाममात्रको छ जसले समावेशीकरणको सिद्धान्तले भनेजस्तो यो नीति निर्माण थलोमा कुनै प्रभावकारी औचित्य राख्न सक्दैन ।

**तालिका २**

*विश्वविद्यालय नीति निमार्ण स्थलमा समावेशीता अवस्था*

| नीति निर्माणस्थलमा समावेशी प्रावधान | विश्वविद्यालयहरु |
|---|---|
| समावेशी नभएका विश्वविद्यालयहरु | १. त्रिभुवन विश्वविद्यालय<br>२. मध्यपश्चिमाञ्चल विश्वविद्यालय |
| महिला मात्र समावेश भएका विश्वविद्यालयहरु . | १. काठमाडौं विश्वविद्यालय : सभामा ४ महिला (जसमध्ये - २ प्राज्ञिक, १ दाता र १ प्राध्यापकहरु मध्येबाट) ।<br>२. नेपाल संस्कृत विश्वविद्यालय : सभामा १ (महिला प्राध्यापकहरु मध्येबाट निर्वाचीत) ।<br>३. पूर्वाञ्चल विश्वविद्यालय : सभामा ४ महिला (जसमध्ये - २ प्रज्ञिक र २ नेपाल प्राध्यापक संघबाट निर्वाचीत) । |

| | |
|---|---|
| | ४. पोखरा विश्वविद्यालय : सभामा ४ महिला (जसमध्ये - २ व्यवसायी, १ दाता र १ सामाजिक शैक्षिक अभियन्ता) ।<br>५. सुदूरपश्चिम विश्वविद्यालय : सभामा १ महिला (दाताहरुमध्येबाट) ।<br>६. कृषि थता वन विज्ञान विश्वविद्यालय : सभामा १ महिला । |
| महिला र दलित समावेश भएको विश्वविद्यालय | १. राजर्षिजनक विश्वविद्यालय : सभामा ३ (जसमध्ये - दलित १, सामाजिक र प्राज्ञिकमध्ये १ महिला र कृषि, उद्योग र व्यापारबाट १ महिला) । |
| सभा र कार्यकारी परिषद दुबैमा समावेशी भएका विश्वविद्यालयहरु | १. लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन २०६३ : सभामा - ११, कार्यकारी परिषदमा - १ र प्राज्ञिक परिषदमा - १ महिला ।<br>२. नेपाल खुला विश्वविद्यालय ऐन २०७३ : सभामा ३, कार्यकारी परिषदमा १ र प्राज्ञिक परिषदमा १ महिला । |

*स्रोत : (नेपाल कानुन आयोग, २०७७) ।*

यहाँसम्मको तथ्याङ्को व्याख्या, छलफल र विश्लेषणले नेपालको समावेशी उच्च शिक्षामा ज्ञान निर्माणको मुल थलो पाठ्यक्रम र पाठ्यासामाग्री, शिक्षण, सिकाई, मुल्याङ्कन प्रणाली समावेशी नभएको नतिजा सावित हुन्छ साथै यिनीहरुको प्रत्याभूतिको लागि कुनै पनि कानुनी प्रावधानहरु पनि नभएको अध्ययनको निर्क्यौल निस्किएको छ । विद्यमान समावेशी नीति अन्तर्गतका कानुनी प्रावधान र तिनीहरुको अभ्यासहरुको तुलनात्मक मुल्याङ्कन गर्दा ज्ञान निर्माणको मुल थलोहरुमा समावेशी हुनुपर्ने कुनै चर्चा अहिले आउन नै सकेको छैन । केही विश्वविद्यिालयहरुले केही समावेशीकरण शिक्षण विषयवस्तुहरुमा समावेश गर्दै ल्याएको पाईको छ, जस्तैः त्रिविको शिक्षा संकायको स्नतकोत्ततर तहको पाठ्यक्रममा आदिवासी मुलका किरात धर्मावलम्बीहरुको दार्शनीक कुराहरु, नेपाल खुल्ला विश्वविद्यालयले किरात, मगर, तामाङ अध्ययन भनेर स्नातक तहमा ऐक्षिक रुपमा र काठमाडौं विश्वविद्यालयले हालसालै एक वर्षे स्नातकोत्तर आदिवासी अध्ययनको कक्षा सञ्चालन गर्ने केही सकारात्मक र नविन अभ्यासहरु सुरुवात भएको पाईएको छ । तर, ती कुनै पनि उच्च शिक्षा नीति, ऐन र कानुनहरुको निर्देशनमा नभई विश्वविद्यालयहरुको आआफ्नै पहलमा हुँदै आएको पाइएको छ ।

प्रस्तुत तथ्याङ्क अनुसार नेपालका विश्वविद्यालयहरुमा नीति निर्माण तहमा नाममात्रको प्रभावहिन समावेशीकरणको व्यावस्था रहेको पाइयो भने बाँकि शिक्षा क्षेत्रमा समावेशीकरण गरिनुपर्ने महत्वपुर्ण क्षेत्रहरुमा कानुनत अहिलेसम्म समावेशी व्यवस्था हुन नसकेको अवस्था छ । किनकी, यिनीहरुको लागि राज्यको समावेशी नीति अनुसार न कानुनी प्रावधानहरु नै सुनिश्चित गरिएको छ न त व्यवहारिक अभ्यास नै हुन सकेको छ ।

**सैद्धान्तिक अवधारणा र नीतिगत अभ्यासको तुलनात्मक विश्लेषण**

यो अध्ययनको माथि सैद्धान्तिक ढाचामा उल्लेख गरिए अनुसार समावेशी शिक्षाका चार अनिवार्य पाटाहरु समावेशी पाठ्यक्रमा, पाठ्यक्रमको समावेशी कार्यान्वयन, समावेशी मुल्याङ्कन र समावेशी सिकाई र शिक्षणमा संस्थागत प्रतिवद्धता हुन् । यहाँ उल्लेख भएको चौथो सुचक समावेशी सिकाई र शिक्षणमा संस्थागत पतिवद्धताले संस्थागत वातावरण निर्माणको कुरालाई समेत आफुभित्रै समेट्दछ (Hockings, 2010; Lawrie et al., 2017)। यसरी, विश्वविद्यालय वा उच्च शिक्षा निकायहरु केवल पठनपाठनसँग मात्र सिधा सम्बन्ध राख्दैनन् । यसले शिक्षण वा पठनपाठनसँग सम्बन्धित विद्यार्थीहरुको सिकाईको लागि विद्यार्थीहरुले समय विताउने विश्वविद्यालयको वातावरण, प्रशासनिक व्यवस्थापन, नेतृत्व, संस्थागत र विभागीय संस्कार, पठ्यक्रम निर्माण, पाठ्यपुस्त र सह-पाठ्यक्रम निर्माण

समेतलाई एकमुष्ट रुपमा जनाउने गर्दछ (Elkin and Wollscheid, 2016 as cited Fung, et al. 2017)। यी विषयहरु विश्वविद्यालयमा समावेशीकरणसँग सम्बन्धित छन् ।

यसको मतलब समावेशी शिक्षाकोलागि शैक्षिक क्षेत्रमा वातारणीय संरचना सबै समुदाय र क्षेत्र मैत्रि हुनुपर्दछ भने सबै व्यक्तिहरुको सारीरिक, साँस्कृतिक र मानोवैज्ञानिक मैत्रि पनि हुनुपर्दछ। जुन कुराको लागि उच्च शिक्षा प्रदायक किनकायनै प्रतिवद्ध भएमा मात्र त्यस्तो वातावरण निर्माण गर्न सम्भव छ । तसर्थ, नेपालमा समावेशी शिक्षाका मुलभूत सैद्धान्तिक तत्वहरु के के कार्यान्वयन हुन बाँकि नै छन् त भन्ने कुरालाई सजिलो गरी बुझ्नको लागि निम्न तालिकमा हेरौं :

**तालिका ३**

*समावेशी उच्च शिक्षाका सैद्धान्तिक तत्वहरुको कार्यान्वयन मुल्याङ्कन*

| समावेशी उच्च शिक्षाका सुचकहरु | नेपालमा कार्यान्वयनको अवस्था |
|---|---|
| पाठ्यक्रमा समावेशी | छैन (कानुनी प्रावधान र अभ्यास दुबै छैन)। |
| पाठ्यक्रमको समावेशी कार्यान्वयन (शिक्षण तथा अध्यापन) | छैन (कानुनी प्रावधान र अभ्यास दुबै छैन)। |
| समावेशी मुल्याङ्कन | छैन (कानुनी प्रावधान र अभ्यास दुबै छैन)। |
| समावेशी सिकाई र शिक्षणमा संस्थागत प्रतिवद्धता । | छैन (कानुनी प्रावधान र अभ्यास दुबै छैन)। |
| • समावेशी वातावरणको निर्माण । | |

*(Hockings, 2010; Lawrie et al., 2017; Elkin and Wollscheid, 2016 as cited Fung, et al. 2017)*

माथि प्रस्तुत तथ्याङ्हरुको आधारमा यी चार सैद्धान्तिक सूचक तत्वहरुलाई आधार मानेर नेपालको उच्च शिक्षमा समावेशी नीतिको कानुनी प्रावधान र कार्यान्वयनको अवस्था मुल्याङ्न गर्दा न्युनतम् एक सुचकलाई पनि पुरा गर्न सकेको अवस्था छैन । र, नेपालको हकमा उच्च शिक्षामा समावेशी भन्नाले अधुरो बुझाई मात्र अहिलेसम्म निर्माण भईरहेको र केवल संख्यात्मक मानवीय उपस्थीतमा मात्र समावेशीकरणलाई नापतौल गर्ने गलत ज्ञान र भाष्यले मुल कुरालाई छोपिरहेको देखिन्छ । जुन कुरालाई पुनः व्याख्या गर्दै शिक्षामा समावेशीकरणको कुरालाई अगाडी बढाउनु पर्ने यो अध्ययनको जिकिर हो । यहाँ प्रस्तुत तथ्यगत आधारमा अहिलेसम्मको नेपालको समावेशी उच्च शिक्षाको विशेषताहरु केलाउदा देखिएका समावेशी चरित्रहरु केवल नियुक्ति, भर्ना, छात्रवृत्ति र नाममात्रको नीति निर्माणमा भएको पाउनु भनेको समावेशी शिक्षाको वास्तविकताको एउटा साँनो हाँगा मात्र समातेर त्यसैलाई पुरै समावेशी रुख हो भनि प्रचार भईरहेको छर्लङ्गिन्छ । नेपालको उच्च शिक्षालाई साँचो अर्थमा समावेशी बनाउन यो कुरा र कामलाई सच्याउन जरुरी छ; ।

## निष्कर्ष

प्राप्त तथ्याङक विश्लेषण र छलफलहरुको आधारमा देखिन आएको नतिजालाई मध्यनजर गर्दा नेपालको उच्च शिक्षामा समावेशी नीतिको कार्यान्वयनमा केही महत्वपुर्ण कमिहरु यो अध्ययनले पहिचान गर्न सफल भएको छ । ती कमीहरुमा - अहिलेसम्म उच्च शिक्षा समावेशी नीति कार्यान्वयनमा ज्ञानको निर्माण, हस्तान्तर, हस्तान्तरणको लागि सामाग्री निर्माण, मुल्याङ्कन, र समावेशी वातावरण निर्माणको लागि सम्बन्धित जिम्मेवार निकाको प्रतिवद्धताको अभाव हुन । त्यसैगरी यी सबैको सुनिश्चितताको लागि बाध्यकारी कानुनी प्रावधानको अभाव र कानुनी प्रावधान निर्माणको लागि राजनीतिक वृत्तमा यो चेतनाको कमी उतिकै जिम्मेवार छ भने सो राजनीतिक चेतनाको निर्माण र अर्थपुर्ण समावेशीकरणको पूर्ण भाष्य र तर्क निर्माणको लागि विद्धवत अध्येता वर्गको अध्ययन अनुसन्धान र बैचारिक प्रष्टता निर्माणमा पनि उतिकै कमि देखिन आएको छ। उच्च शिक्षा पूर्ण रुपमा समावेशी बनाउनको लागि समेट्नु पर्ने सैद्धान्तिक आधारका न्युनतम चार सुचकहरुको न्युनतम रुपमा पनि परिपालक सहित कार्यान्वय हुनु अनिवार्य आवस्यकता हो । तर

विडम्बडा, नेपालको उच्च शिक्षाको हकमा यी सबै विषयलाई थाँति राखेर समावेशी नीतिको कार्यान्वयन गर्ने प्रयास गरिएको छ। त्यसैले नेपालका विश्वविद्यालयहरुको संस्थागत, शिक्षण र सिकाई सम्बन्धी वातावरण समावेशी हुन सकेको छैन। योसँग सम्बन्धीत आवस्यक सामग्रीहरु पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्री, अनुसन्धान पद्धति, मुल्याङ्कन पद्धति र प्रक्रिया सबै समावेशी हुन सकेका छैनन्। यिनीहरुलाई सच्याउनको लागि विश्वविद्यालय तहमा प्राज्ञिक वहस र छलफलको प्रारम्भ समेत पनि भईरहेको छैन। यिनीहरुको लागि आवस्यक कानुनी प्रावधानहरु कहिले बन्ने ? र, व्यवहारीक रुपमा कार्यान्वयनमा कहिले सम्ममा उत्रने ? भन्ने प्रश्नहरुको जवाफ त झन पूर्ण रुपमा अनुत्तरित छन्। जुन कुरा पूर्ण समावेशी उच्च शिक्षा व्यवस्थाको लागि नेपालमा एक दुर्भाग्य हो। यो सबै परिणामहरुलाई केलाउदा नेपालको उच्च शिक्षामा समावेशी नीतिको राजनीतिक केवल बहिष्कृत समुदायहरुको विम्वात्मक व्यक्ति प्रतिनिधित्वको संख्यात्मक गणनामा सिमित राखेर समावेशीकरणको लागि निकैनै अपूर्ण प्रावधान र अभ्यास निरन्तरमा हामी प्रक्रिया आगाडी दौडीरहेको अवस्था हो।

## सन्दर्भसामग्री


कृषि तथा वन विज्ञान विश्वविद्यालय, (२०७५), *कृषि तथा वन विज्ञान विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली २०६९ (२०७५।५।२९ सम्मको संशोधनसहित),* चितवन : कृषि तथा वन विज्ञान विश्वविद्यालय ।

नेपाल कानुन आयोग, (२०७३), *नेपालको संविधान २०७३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०६७), *कृषि तथा वन विज्ञान विश्वविद्यालय ऐन २०६७,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०६९), *नेपालको अन्तरिम संविधान, २०६३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *काठमाडौं विश्वविद्यालय ऐन २०४८,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *नेपाल खुला विश्वविद्यालय ऐन २०७३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *नेपाल संस्कृत विश्वविद्यालय ऐन २०४३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *नेपालको संविधान २०७२ (दोस्रो संशोधन सहित),* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *पोखरा विश्वविद्यालय ऐन २०५३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *पूर्वाञ्चल विश्वविद्यालय ऐन २०५०,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *मध्यपश्चिमाञ्चल विश्वविद्यालय ऐन २०६७,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *राजर्षिजनक विश्वविद्यालय ऐन २०७४,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *लुम्बिनी बौद्ध विश्वविद्यालय ऐन २०६३,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *सुदुरपश्चिम विश्वविद्यालय ऐन २०६७,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७७), *त्रिभुवन विश्वविद्यालय ऐन २०४९,* काठमाडौं : नेपाल कानुन आयोग ।

नेपाल कानुन आयोग, (२०७४), *नेपाल खुला विश्वविद्यालय शैक्षिक प्रशासन समबन्धी नियम २०७४,* ललितपुर : नेपाल खुला विश्वविद्यालय ।

नेपाल खुला विश्वविद्यालय, (२०७६), *नेपाल खुला विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी निर्देशीका २०७५,* लालितपुर : नेपाल खुला विश्वविद्यालय ।

नेपाल सरकार, (२०६६), *लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति,* काठमाडौं : नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय ।

नेपाल सरकार, (२०७२), *उच्च शिक्षा नीति, २०७२,* काठमाडौं : नेपाल सरकार शिक्षा तथा प्रविधि मन्त्रालय ।

नेपाल संस्कृत विश्वविद्यालय, (२०६७क), *नेपाल संस्कृत विश्वविद्यालय सेवा आयोगको कर्मचारी नियुक्ति सिफारिस सम्बन्धी निर्देशिका (कार्यविधि)-२०६७,* बेलझुण्डि : नेपाल संस्कृत विश्वविद्यालय ।

नेपाल संस्कृत विश्वविद्यालय, (२०६७ख), *नेपाल संस्कृत विश्वविद्यालय शिक्षक नियुक्तिका आधार, कार्य सम्पादन मुल्याङ्कन तथा कार्य क्षमता, अंक विभाजन एवम सिफारीससम्बन्धी निर्देशीका (कार्यविधि) २०६७*, बेलझुण्डि : नेपाल संस्कृत विश्वविद्यालय ।

न्यौपाने, गोविन्द, (२००५), *नेपालको जातिय प्रश्न सामाजिक बनोट र साझेदारीको सम्भावना,* काठमाडौं : सेन्टर फर डेभलप्मेन्ट स्टडीज ।

पूर्वाञ्चल विश्वविद्यालय, (२०५३क), *पुर्वाञ्चल विश्वविद्यालय नियमावली २०५३,* विराटनगर : पूर्वाञ्चल विश्वविद्यालय ।

पूर्वाञ्चल विश्वविद्यालय, (२०५३ख), *पुर्वाञ्चल विश्वविद्यालय सेवा सम्बन्धी नियमावली २०५३,* विराटनगर : पूर्वाञ्चल विश्वविद्यालय ।

पूर्वाञ्चल विश्वविद्यालय, (२०७५), *पूर्वाञ्चल विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी विनियमावली - २०७५,* विराटनगर : पूर्वाञ्चल विश्वविद्यालय ।

पोखरा विश्वविद्यालय, (२०७६), *पोखरा विश्वविद्यालय छात्रवृत्ति सम्बन्धी नियमावली २०६५,* पोखरा : पोखरा विश्वविद्यालय ।

लिम्बु, प्रेमप्रसाद । (२०७७) । *नेपालको उच्च शिक्षा प्रणालीमा आरक्षण (सकारात्मक विभेद) व्यवस्था अध्ययन* । नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानमा बुझाईएको अप्रकाशित प्रतिवेदन ।

विश्वविद्यालय अनुदान आयोग । (२०७४) । *विश्वविद्यालय अनुदान आयोग कार्यक्रम कार्यविधि २०७४* । भक्तपुर : विश्वविद्यालय अनुदान आयोग ।

सुदुरपश्चिम विश्वविद्यालय, (२०६९), *सुदुरपश्चिमाञ्चल विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा नियमावली, २०६९ ( पहिलो संशोधन) २०७० द्वारा संशोधित,* कञ्चनपुर : सुदुरपश्चिम विश्वविद्यालय ।

सुदुरपश्चिम विश्वविद्यालय, (२०७७क), *सुदूरपश्चिम विश्वविद्यालय स्नातक तह बीई (कम्प्युटर इन्जीनियरिङ) मा भर्ना सम्बन्धी नियम तथा आधारहरु* ।

सुदुरपश्चिम विश्वविद्यालय, (२०७७ख), *स्नातक तथा बीइ (कम्प्युटर इन्जिनियरिङ) मा भर्ना सम्बन्धी नियम तथा आधारहरु* (सुदुरपश्चिम विश्वविद्यालय कार्यकारी परिषददद्वारा प्रमाणीकरण मिति २०७७।१०।०४), कञ्चनपुर : सुदुरपश्चिम विश्वविद्यालय ।

शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय, (२०७२), *राष्ट्रिय उच्च शिक्षा नीति २०७२,* काठमडौं : नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

त्रिभुवन विश्वविद्यालय, (२०७३), *त्रिभुवन विश्वविद्यालय कर्मचारी नियुक्ति र बढुवाको सिफारीस सम्बन्धी विनियम,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

त्रिभुवन विश्वविद्यालय, (२०७३), *त्रिभुवन विश्वविद्यालय शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम २०५०,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

त्रिभुवन विश्वविद्यालय, (२०७४), *त्रिभुवन विश्वविद्यालय अर्न्तगतका आङ्गिक क्याम्पसमय आरक्षण सम्बन्धी सिटमा भर्ना गर्ने सम्बन्धी विनियम २०७४,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

त्रिभुवन विश्वविद्यालय, (२०७८), *लघु अनुसन्धान सम्बन्धी निर्धारीत मापदण्ड २०६७,* कीर्तिपुर : त्रिभुवन विश्वविद्यालय ।

Fung, D., Dilger, J. & Vaart, R. (2017). *Excellent education in research-rich universities*. Leuven: LERU.

Hangen, S. (2007). *Creating a "new Nepal": The ethnic dimension.* Washington: East-West Center Washington.

Hockings, C. (2010). *Inclusive learning and teaching in higher education: A synthesis of research*. EvidenceNet. file:///E:/NOU/2nd%20Semester/Independent%20Study/Assignment/Literatures/H.%20 Surname/inclusive_teaching_and_learning_in_he_synthesis_200410_0_1568037026.pdf

Lawrie, G., Marquis, E., Fuller, E., Newman, T., Qui, M., Nomikoudis, M., Roelofs, F., & van Dam, L. (2017). Moving towards inclusive learning and teaching: A synthesis of recent literature. *Teaching & Learning Inquiry, 5*(1). http://dx.doi.org/10.20343/teachlearninqu.5.1.3

NLC. (2007). *Tribhuvan University Act 1992*. Nepal Law Commission.

UGC. (2013). *University Grant Commission, Annual Report, 2069/70.* Bhaktapur: University Grant Commission.

UNESCO. (1998). *World declaration on higher education for the twenty-first century: Vision and action*. UNESCO.

UNDP (Ed.). (2007). *Towards inclusive governance: Promoting the participation of disadvantaged groups in Asia-Pacific*. Bangkok: UNDP Regional Centre.

Pappas, M., Papoutsi, C., & Drigas, A. (2018). Policies, Practices, and Attitudes toward Inclusive Education: The Case of Greece. *Social Sciences*, *7*(6), 90. https://doi.org/10.3390/socsci7060090